# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः १७, चैत्र ७ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## व्यास नगरपालिका शिक्षा नियमावली (पाँचौं संशोधन) २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।१२।७

व्यास नगरपालिका शिक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुने गरी निम्नानुसार संशोधन गरेको छ :

१. नियमावलीको नियम ५७ (१) "नगरपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालय तह विषय मिल्ने दरबन्दी भित्र नगर कार्यपालिकाको सहमतिमा नगर शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछ" भन्ने वाक्य हटाई तल लेखिए बमोजिम संशोधन गर्ने।

-५७ (१): यस नगरपालिका भित्रका विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरुको सरुवा तह र विषय मिल्ने दरबन्दी भित्र निम्न आधारमा सरुवा गरिने छः

(क) रिक्त दरबन्दी वा एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न निम्नानुसार समिति रहने छः

(१) संयोजक -नगर प्रमुख

(२) सदस्य -उपप्रमुख

(३) सदस्य -प्रमुख प्रशासकीय अधिकृत

(४) सदस्य -सामाजिक विकास समिति संयोजक

(५) सदस्य सचिव -नगर शिक्षा अधिकारी

(ख) सरुवा गर्दा सामान्यतः विद्यालय व्यवस्थापन समितिको दोहोरो सहमति लिइने छ । तर विद्यालय व्यवस्थापन समितिको सहमति प्राप्त नभएमा पनि सरुवा गर्न आवश्यक देखिएमा नियम ५७ (१) (क) बमोजिमको समितिबाट निर्णय गराई सरुवा गर्न सकिनेछ ।

(ग) शिक्षक सरुवाको निर्णय नगर शिक्षा समिति र कार्यपालिकालाई जानकारी दिनु पर्नेछ ।

(घ) सरुवा सम्बन्धी निर्णय भएपछि नगर शिक्षा अधिकारीले सरुवा गर्ने छन् ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत